# संघीय संसद
# राष्ट्रिय सभा
# चौधौं अधिवेशन
# कार्यवाहीको सम्पूर्ण विवरण
# २८ असार २०८०
# बिहीवार
# बैठक सङ्ख्या- २८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १६:३५ बजे प्रारम्भ भयो ।

**(१६:३६ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको दोस्रो बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावलीको नियम २३२ को उपनियम (१) बमोजिम नियम निलम्बनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्न माननीय अनिता देवकोटालाई समय दिन्छु ।

**(१६:३७ बजे)** **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा सम्माननीय अध्यक्ष महोदयको अनुमतिले निम्न लिखित नियम निलम्बनको प्रस्ताव प्रस्तुत गर्दछु ।

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिमको अर्थ विधेयकमा सुझाव पेस गर्नेसम्बन्धी प्रावधानमा हाल विशेष परिस्थितिवश "आर्थिक विधेयक, २०८०" र "राष्ट्र ऋण उठाउने विधेयक, २०८०" को हकमा लागु गर्न नसकिने भएकाले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) बमोजिम २४ घन्टाको

अवधिलाई छोट्याई राष्ट्रिय सभाको नियमावली, २०७५ को नियम १३२ को उपनियम (४) लाई सोही नियमावलीको नियम २३२ को उपनियम (१) बमोजिम आज २०८० असार २८ गते अपराह्न ५ बजेदेखि मिति २०८० असार २९ गते बिहान १० बजेर ३० मिनेट कायम रहने गरी निलम्बन गरियोस् भनी प्रस्ताव पेस गर्दछु । धन्यवाद ।

(१६:३८ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म नियम निलम्बनसम्बन्धी प्रस्तावका समर्थक माननीय गोपी बहादुर सार्की आछामीलाई उक्त प्रस्तावको समर्थन गर्न समय दिन्छु ।

(१६:३९ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय अनिता देवकोटाले प्रस्तुत गर्नुभएको नियम निलम्बनको प्रस्तावलाई समर्थन गर्दछु । धन्यवाद ।

(१६:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, नियम निलम्बनसम्बन्धी प्रस्तावका अर्को समर्थक माननीय मदन कुमारी शाह (गरिमा) लाई उक्त प्रस्ताव समर्थन गर्न समय दिन्छु ।

(१६:३९ बजे) **माननीय श्री मदन कुमारी शाह (गरिमा) (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले माननीय अनिता देवकोटाले प्रस्तुत गर्नुभएको नियम निलम्बनको प्रस्तावलाई समर्थन गर्दछु । धन्यवाद ।

(१६:३९ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय अनिता देवकोटाले प्रस्ताव गर्नुभएको राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २३२ बमोजिम सोही नियमावलीको नियम १०६ को उपनियम (१) को व्यवस्था निलम्बन गर्नेसम्बन्धी प्रस्तावलाई सभासमक्ष निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन, तसर्थ नियम निलम्बनको प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१६:४० बजे) **माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१६:४१ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ ।

यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावउपर छलफलमा भाग लिन कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त आर्थिक विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "आर्थिक विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डाक्टर प्रकाशशरण महतलाई प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

**(१६:४२ बजे) <u>माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**(१६:४३ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय जितेन्द्र नारायण देव ।

**(१६:४३ बजे) <u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अब पहिले पहिले पनि यो विषयमा धेरैचोटि बोलिसकिएकै अवस्था हो । तथापि अहिले नयाँ अर्थमन्त्री, नयाँ सरकार भएको सन्दर्भमा एक दुइटा विषयमा गम्भीरतासाथ ध्यानाकर्षण गराउन आवश्यकता महसुस गरेकोले मैले यसमा एक दुइटा कुराहरू बोल्न चाहेको हुँ । मुख्य

रूपमा ऋण उठाउने सन्दर्भ जुन छ, चाहे त्यो आन्तरिक ऋण होस्, चाहे त्यो बाह्य ऋण । अहिले श्रीलङ्काको अवस्था हामीले सम्झँदाखेरि या पाकिस्तानमा अहिले जे भैराखेको छ, आफ्नै region मा त्यो अवस्थालाई हेर्दा र अहिले भर्खरै वर्ल्ड बैङ्कसँग र आन्तर्राष्ट्रिय मुद्रा कोषसँग केही अफ्रिकी र केही Latin अमेरिकी देशहरूसँगको यो आर्थिक सङ्कटको अवस्थाबारे जुन द्विपक्षीय र बहुपक्षीय कुराकानीहरू भैराखेको छ, सङ्कटलाई टार्ने सन्दर्भमा, यो ऋण लिने सन्दर्भमा, कस्तो ऋण लिने? कहिलेसम्मको लागि ऋण लिने? त्यो ऋण कस्तो ठाउँमा लगाउने? भन्ने जुन सन्दर्भ छ । त्यो मलाई लाग्छ । त्यो discourse अहिले नेपाल सरकारको लागि पनि अत्यन्त महत्त्वपूर्ण छ । त्यतातिर म चाहिँ नेपाल सरकार र अर्थमन्त्रालयको ध्यानाकर्षण गर्न चाहन्छु । हामी यसका केही अन्तर्राष्ट्रिय मापदण्डहरू पनि छन् हैन । ऋणको सन्दर्भमा बाह्य ऋण कति लिने कस्तो लिने या आन्तरिक कति लिने, यसका केही अन्तर्राष्ट्रिय सिद्धान्तहरू पनि छन् । र केही नीतिगत कुराहरू हामी आफैंले पनि आफ्नो सन्दर्भमा, नेपालकै सन्दर्भमा पनि निरुपण गरेका छौं । या हामी हाम्रो जीडीपीको अवस्था के छ? हामी आफ्नो जीडीपीको कति पर्सेन्टसम्म ऋण लिनुहुन्छ भन्ने कुरा हामी आफैंले पनि केही त्यो practice गरेका छौं । त्यसकारणले मेरो मुख्य ध्यानाकर्षण केमा हो भन्दाखेरि ऋण लिने कुरा जति सहज छ । ऋण चुक्ता गर्ने कुरा त्यतिकै कठिन हुन्छ, challenging हुन्छ । र चुक्ता गर्ने सन्दर्भमा त्यो ऋणको साँच्चिकै हामी घ्यु खानलाई मात्रै हामी लिइराखेका छौं कि त्यो ऋण लिएर एउटा multiplier effect दिने किसिमबाट त्यसको सदुपयोग गरिरा' छौं । त्यसकारण त्यतातिर सरकारको ध्यान जाओस् भन्ने मैले ध्यानाकर्षण गर्नको लागि उठेको हुँ । धन्यवाद ।

**सम्माननीय अध्यक्षः**- माननीय देवेन्द्र दाहाल ।

(१६:४३ बजे) **माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, वर्षेनी हामी चाहे त्यो आन्तरिक ऋण होस्, चाहे त्यो बाह्य ऋण होस्, ऋण लिन्छौं । र त्यो ऋण चाहिँ घटेको कहिले पनि सुनिँदैन । त्यो बढिराखेको छ । र अहिले २१ खर्बभन्दा बढी ऋण पुग्यो भनेर एउटा तथ्याङ्क आयो । अब अर्को वर्ष यो २५ देखि २६ खर्ब पुग्दैछ भन्ने सुन्दैछु । त्यसले गर्दाखेरि देश एउटा ऋणको पासोमा डुबिरहेको अवस्था छ । त्यसो हुँदाखेरि ऋण लिने कुरालाई कम प्राथमिकता दिएर आन्तरिक राजस्व बढाउने कुरालाई कसरी चुहावट रोक्न सकिन्छ? कसरी आन्तरिक राजस्व बढाउन सकिन्छ? भन्ने सन्दर्भमा चाहिँ ध्यान दिन पर्नेमा सरकार चाहिँ जहिले सुकै मैले बोल्दा पनि भन्या थिएँ । यहाँ

माननीयज्यूले पनि भन्नुभएको छ । ऋण खाएर घ्यु पिउने भनेर जुन उखान छ त्यसलाई मात्रै चरितार्थ गर्न लाग्ने भन्दा पनि यो सरकारले आन्तरिक राजस्व बढाउने बारेमा चाहिँ त्यति धेरै सोचेको छैन । र ऋणतर्फ ध्यान दिइरहेको छ । त्यसकारण यो देश ऋणको पासोमा नडुबोस् । र हामी सधैं यो संसदबाट ऋण उठाउन पाउने, ऋण लिन पाउने भनेर अनुमोदन गर्ने बहुमतले अनि त्यसपछाडि ऋणको पासोमा देशलाई डुबाउने काममा चाहिँ लाग्नुहुँदैन त्यही म आफ्नो विचार राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय भैरव सुन्दर श्रेष्ठ ।

(१६:४६ बजे) **<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, यो देशको अवस्था भनेको अत्यन्त काहाली लाग्दो हामी यस्तो अवस्थाको बिचमा हामी छलफल गरिरहेका चाहिँ छौं । वास्तवमा हामीले आफ्नो भनाइमाथि विनियोजन शीर्षकमाथि र त्योभन्दा पहिले बजेट आउनुभन्दा पहिले सैद्धान्तिक र प्राथमिकता के हो भन्ने विषयमा केही नीति कार्यक्रम आइसकेपछि थुप्रै कुराहरू अर्थमन्त्रीज्यूलाई र यो सरकारलाई सुझावको रूपमा हामीले राखेका थियौं । अहिले देशको अवस्था कस्तो छ भने कतैतिर पनि आशा गर्न लायकको चाहिँ अवस्था चाहिँ छैन । ऋण लिएर ऋण तिर्नुपर्ने अवस्था चाहिँ भो' । ऋण लिएर विकासमा लाउनुपर्ने खर्च, ऋण लिएर ऋण तिर्नुपर्ने अवस्था चाहिँ भ'को छ । यस्तो अवस्थामा हामीले परिलक्षित गरेको राजस्व उठ्दैन । वैदेशिक अनुदानमा हामी आशा गर्छौं, त्यहाँबाट पैसा आउँदैन । अनि वैदेशिक ऋणमाथि हामी आशा गर्छौं, त्यो ऋण पनि आशागर्दा आउँदैन भने यस्तो अवस्थामाथि यो असारको लाष्टसम्म चाहिँ करिब करिब चाहिँ ५ खर्ब रुपैयाँ हामी घाटामा चाहिँ छौं । र त्यो ५ खर्बमा साढे २१ खर्ब जोड्ने भन्दा साढे २६ खर्ब चाहिँ हाम्रो ऋण हुन्छ भन्ने कुरा छ । यस्तो अवस्थामा चाहिँ देश चलेको चाहिँ छ । यो अहिलेको वर्तमान सरकार यी विषयमाथि कति पनि संवेदनशील छैन । त्यसो हुँदा चाहिँ फेरि पनि म सम्माननीय अध्यक्षज्यूमार्फत सरकारको ध्यानाकर्षण गराउँछु । त्यै भएर मिलीजुली खाने, जे गरे पनि हुन्छ भन्ने खालको चाहिँने त्यो सिद्धान्तबाट, त्यो दृष्टिकोणबाट सरकारअगाडि बढिरहेको चाहिँ छ ।

र छिमेकी मुलुक चीनले करिब ५७ अर्ब रुपैयाँ चाहिने नेपाल सरकारलाई जुनसुकै शीर्षकमा खर्च गर्ने गरी त्यो सम्झौता पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी भएको बेला दिएको रहेछ । परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयको आपसी कुरा नमिलेकै कारणले गर्दा त्यो ५७ अर्ब रुपैयाँ

अहिलेसम्म अगाडि बढ्न सकेको छैन । हामी MCC का निम्ति, ५५ अर्बको निम्ति देशलाई बन्दक राख्ने काममा हामी अगाडि बढेका चाहिँ छौं । त्यसले गर्दाखेरि यिनै कुराको ध्यानाकर्षण गराउँदै धेरै ऋण लिने कुराहरूको विषयमा वर्तमान सरकार सचेत रहोस् । यो देशमा अरू नागरिक पनि छन्, देशलाई माया गर्ने नागरिक छन् भन्ने कुरा पनि यही कुरा राख्न चाहन्छु । धन्यावद ।

**(१६:४९ बजे) <u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन समय उपलब्ध गराउँछु ।

**(१६:५० बजे) <u>माननीय अर्थमन्त्री डा. प्रकाशशरण महत</u>**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम त राष्ट्र ऋण उठाउने सम्बन्धमा माननीय सदस्यज्यूहरूको चासो र चिन्ता मेरो पनि चासो र चिन्ता रहेको कुरा म अध्यक्ष महोदयमार्फत माननीय सदस्यज्यूहरूलाई निवेदन गर्न चाहन्छु । जितेन्द्र नारायण देवजीले, देवेन्द्र दाहालजीले, भैरव सुन्दर श्रेष्ठजीले महत्त्वपूर्ण विषय उठाउनुभा'को । ऋण कति लिने? किन लिने? यो महत्त्वपूर्ण विषय हो । ऋण लिने प्रचलन संसारभरी नै छ । तर त्यो ऋण किन लिने? त्यसमा हामी सस्पष्ट हुनुपर्छ । ऋण लिएर लगानी गर्ने, लगानी गरेर प्रतिफल ज्यादा लिने र त्यसले अर्थतन्त्रलाई फराकिलो बनाउने । जसरी हामी देख्छौं । कुनै व्यवसाय उद्योग व्यवसायिले ऋण लिन्छन्, व्यक्तिले ऋण लिन्छन् । किन ऋण लिन्छन्? कि त्यो ऋण निश्चित ठाउँमा लगानी गऱ्यो भने म साँवा, ब्याज पनि तिर्छु, तिर्न सक्छु, प्रतिफलबाट त्यसलाई धान्छु र थप पुँजी सृजना गर्छु । त्यसबाट समृद्धतर्फ उन्मुख हुन्छु । आम्दानी बढाउँछु । त्यही मनासायका साथ ऋण लिन्छौं । जस्तो सामान्यतयाः बैङ्कहरूले चाहिँ ऋण दिँदाखेरि पनि ल ३० प्रतिशत आफूले राख्नुपर्ने, ७० प्रतिशतसम्म ऋण दिने भनेर हाइड्रो पावरहरूमा पनि त्यसरी ऋण प्रभाव भा'छ । र लगानीकर्ताहरूले त्यो निश्चित अवधिभित्र त्यो बैङ्कको ऋण पनि फिर्ता गर्न सकिन्छ, साँवा, ब्याजसहित र त्यो गरेपछि पनि मलाई फाइदा हुन्छ र त्यो फाइदा गरेर फेरि थप लगानी गरेर मेरो उद्योग, व्यवसाय बढाउँछु भनेर ऋण लिन्छन् । त्यही सिद्धान्त देशले ऋण लिँदाखेरि पनि अपनाउनुपर्छ । अवश्य पनि हाम्रो देशले ऋण लिँदाखेरि कतिपय अवस्थामा हामी चुकेका छौं । यो आजको समस्या होइन

भन्ने हो भने यो पछिल्लो ०७४ सालपछि निकै ज्यादा देशमा ऋण बढ्यो । यो चाहिँ तथ्याङ्क मैले खाली आफूखुसी भनिराख्या छैन । तर त्यो ऋणहरू चाहिँ उत्पादनशील क्षेत्रमा प्रयोग भएन । जहाँ लगानी भयो, त्यसको अनुसार प्रतिफल, आर्थिक प्रतिफल प्राप्त हुने कुरामा अनिश्चितता पैदा भा'छ । त्यो हाम्रो लागि चासो र चिन्ताको विषय हो ।

०४६ साल अगाडि पनि त्यस्तै भएर ०४६ सालपछि त्यसलाई त्यो फेरि आर्थिक स्थिति सुधारेर, त्यो ऋण ब्याज तिरेर, फेरि आर्थिक समृद्धि सृजना गर्ने परिस्थिति बना'को । त्यसकारण हामीले ऋण चाहिँ लिनुपर्छ । कुनै पनि देश ऋण नलिइकन समृद्धि भा'को छैन । किनभने आफ्नो पुँजीले मात्रै देशको पुँजी विस्तार गर्न सकिँदैन । त्यही सीमित पुँजी लगानीले समग्रमा अर्थतन्त्रलाई चाहिँ उकालो लगाउन सकिँदैन, माथि उचाल्न सकिँदैन, लिनुपर्छ तर ऋण लिँदाखेरि हामी अत्यन्त सचेत हुनुपर्छ । कस्तो ठाउँमा ऋण लिने? प्रतिफल आउने ठाउँ हो कि होइन? परिणाम आउने ठाउँ हो कि होइन? बढीभन्दा बढी जनसङ्ख्यालाई त्यसले सहयोग पुग्ने हो कि होइन? त्यसले सामाजिक प्रतिफल, आर्थिक प्रतिफल कति आउँछ? त्यसको यथार्थ मूल्याङ्कनको आधारमा ऋण लिनुपर्छ । बेलाबखत हामीले अब ऋण दिन लाग्यो, यो लिइहालुँ भनेर हाम्रो कर्मचारीतन्त्रले पनि राजनीतिकतन्त्रले पनि हतारमा निर्णय गर्ने छ । आ'को छ, लिइहालुँ । अब त्यसरी होइन । त्यसकारण हामीले अहिले भनेका छौँ । विदेशीदाताहरूसँग पनि कि ऋण लिँदाखेरि हामी यसको चाहिँ Depth मा गएर उहाँ दाताहरूको पनि के हुन्छ भने निश्चित ऋण चाहिँ प्रवाह गर्ने, उनीहरूको पनि लक्ष्य हुन्छ के यति ऋण प्रवाह गर्ने भनेर, World Bank, ADB सबैको एउटा निश्चित लक्ष्य हुन्छ । bilateral donor हरूको पनि लक्ष्य हुन्छ । तर हामीले चाहिँ के विचार गर्नुपर्‍यो भने के कस्ता सर्तहरू उनीहरूले तेर्स्याई राख्या छ? अरू ब्याजदर कसरी, कुन सर्तमा लगाइराख्छ? त्यो बजार दर हो कि? सहुलियत दर हो कि? र कुन क्षेत्रमा लगानी गर्ने कुरा उनीहरूले चाहिँ भनिराख्या छन् । त्यसको निर्धारण हामीले गर्नुपर्‍यो । यो क्षेत्र चाहिँ, यो क्षेत्र चाहिँ उत्पादन बढाउँछ । आर्थिक समृद्धि बढाउछ । र हामी साँवा, ब्याजसहित तिर्न सक्छौँ भन्ने सुनिश्चितता गर्ने हाम्रो जिम्मेवारी हो । उनीहरूको जिम्मेवारी होइन । उनीहरूको त प्रवाह गर्ने भोली चाहिँ सरकारले ग्यारेन्टी लिएपछि समयमा हामी उठाउँछौँ भन्ने कुरा हुन्छ । त्यसकारण त्यतातर्फ हामी गम्भीर छौँ र हाम्रो दाताहरूलाई पनि भन्या छौँ । कि ऋण लिँदाखेरि हामी सबभन्दा ज्यादा जनङ्ख्यालाई त्यसले मद्दत गर्छ कि गर्दैन? प्रतिफल कहिलेसम्म प्राप्त हुन्छ? र हामी ऋण, साँवा, ब्याजसहित तिरेर पनि फाइदामा रहन्छौँ कि रहँदैनौँ? त्यसको आधारमा मात्रै हामी ऋण लिन्छौँ, भनेका छौँ ।

चाहें द्विपक्षीय Donor हरू हुन या चाहिँ बहुपक्षीय संस्थाहरू हुन । त्यो हाम्रो चाहिँ सिद्धान्त रहेको र त्यहीअनुसार हामीले दाताहरूमा पनि छलफल गर्न सुरू गरेका छौं ।

खास गरेर राष्ट्र ऋणको कुरा गर्दा यो आन्तरिक ऋणको विषय हो । जस्तो हामी विदेशबाट पनि ऋण र सहायता लिन्छौं । अनुदान पाएसम्म अनुदान लिन्छौं, नपाए ऋण लिन्छौं । त्यतिले नपुगेको हामी चाहिँ आन्तरिक ऋण लिन्छौं । सरकारले जसरी निजी क्षेत्रले बैङ्कहरूबाट ऋण लिएर लगानी गर्छ । सरकारले पनि हाम्रो चाहिँ खर्च धान्नलाई चाहिँ समस्या भो' अथवा चाहिँ कुनै ठाउँमा खर्च गर्नलाई पुगेन या लगानी गर्नुपर्‍यो भने हामी आन्तरिक ऋण पनि लिन्छौं । बैङ्कहरूबाट ऋण लिन्छौं र त्यो चाहिँ हामीले सामान्यतयाः GDP को ५ प्रतिशतभन्दा ज्यादा नहुने गरेर लिने चाहिँ भन्ने छ, सिद्धान्त छ ।

हामीले यो सालभन्दा कम आन्तरिक राष्ट्र ऋण लिने निर्णय गर्‍यौं । 4.6, ४.६ प्रतिशत मात्रै लिने निर्णय गर्‍या छौं । योभन्दा बढि थियो पहिला । र यो किन भने अहिले चाहिँ ब्याजदर पनि अझै उच्च छ । हामीले फेरि जति ज्यादा हामी ऋण लिन्छौं । हाम्रो बैकिङ्ग सेक्टरबाट आन्तरिक ऋण लिन्छौं । अब त्यो बैङ्कले दिन सक्ने क्षमता त त्यही एउटा हुन्छ, पुल हुन्छ । त्यसबाट ज्यादा सरकारले लिइदियो भने निजी क्षेत्रले जुन माग गर्छ बैङ्कहरूबाट त्यहाँ चाहिँ यथेष्ट रकम बैङ्कहरूसँग हुँदैन । निजी क्षेत्रलाई प्रवाह गर्ने, व्यक्तिहरूलाई प्रवाह गर्ने ऋण कम हुन्छ । त्यसो हुनाले पनि हामीले यसमा चाहिँ ज्यादा बढाउनेतर्फ हामी गएनौं । अलिकति भए पनि घटाउँ भनेर हामीले चाहिँ घटाएको अवस्था छ । त्यसो हुनाले यो कुरा पनि म यहाँ बताउन चाहन्छु ।

देवेन्द्रजीले यो चाहिँ राजस्व बढाउनेतर्फ पो ध्यान दिनपर्‍यो । हामीले राजस्व बढाउनेतर्फ पनि ध्यान दिएका छौं । यसपाला हामीले यो चाहिँ मूल्य अभिवृद्धि करको दायरा जुन वर्ग समूह त्यो दायरामा आ'को थिएन । त्यो वैज्ञानिक कर प्रणाली पनि हो । त्यसले चाहिँ कति आम्दानी गरिरा'छ, त्यसलाई पनि Track गर्छ । त्यसो हुनाले यसको दायरा बढा'को छु । मलाई विश्वास छ, राजस्व चाहिँ बढ्छ । आउने वर्षमा बढ्ने यथेष्ट आधारहरू हामीले सृजना गर्या छौं । त्यसमाथि अहिले अर्थतन्त्र पनि चलायमान भइराख्या छ । मूल्यवृद्धि जुन ६.५ प्रतिशत, 6.5 मा ल्याउने भन्याथ्यौं । अहिले चाहिँ झण्डै ८ प्रतिशत चाहिँ मूल्यवृद्धि थ्यो । अहिले 6 point कति 8 कति प्रतिशतमा झर्‍या छ । त्यो चाहिँ हामीले, हाम्रो लक्ष्यको नजिक आइरा'छ । यसले अब मौद्रिक नीतिमा पनि मौद्रिक नीतिमार्फत ब्याज कम गर्दाखेरि धेरै चाहिँ ऋण प्रवाह हुन्छ Economy मा । त्यसले चाहिँ मूल्यवृद्धि चाहिँ निकै बढ्छ भन्ने चिन्ता थ्यो । अब चाहिँ मूल्यवृद्धि पनि घट्या हुनाले त्यो चिन्ता पनि कम भो' । त्यसकारण मौद्रिक नीति अब

हामीले भनि पनि राख्या छौं । ब्याजदर कम गर्नुपर्छ । कम गर्ने आधार झन् थप आधार यसले दिएको छ भनेर भन्या छौं ।

हाम्रो चाहिँ अब यो विदेशी ऋणका विषयमा जुन श्रीलङ्का आदि, इत्यादिको जुन उदाहरण दिनुभो' त्यस्तो अवस्था पटकै हाम्रो चाहिँ छैन । र हाम्रो चाहिँ वैदेशिक जुन मुद्राको सञ्चिति छ । प्रशस्त छ । ११ महिनासम्मलाई चाहिँ पुग्ने त्यो ठुलो सञ्चिति हो । ६/७ महिनासम्म भयो भने त्यसलाई चाहिँ नर्मल नै मानिन्छ । त्यसकारण त्यस हिसाबले पनि हामी ठिक छौं । अब अहिले यो जुन मूल्यवृद्धि पनि घटेको अवस्था छ । र आर्थिक गतिविधि बढ्न थालेको अवस्था छ । राजस्वको आधार पनि बढ्न थालेको अवस्था छ । त्यसकारण मलाई लाग्छ । चाडैं नै हाम्रो अर्थतन्त्र चलायमान हुन्छ । र राजस्व बढ्ने अवस्था हुन्छ । त्यसकारण मलाई लाग्छ । यी सबै विषयलाई मैले यहाँहरूले उठाएका कुराहरू चाहिँ भने ।

एउटा चाहिँ चिनिया राष्ट्रपतिजीले जुन चाहिँ अनुदान दिने भनेर चाहिँ घोषणा गर्नुभा'थ्यो । त्यो किन कार्यान्वयन गर्न नगऱ्या हो? त्यसरी चाहिँ अनुदानै आउने ठाउँमा किन सरकार चाहिँ सक्रिय नभ'को भनेर चासो छ । त्यसमा हामी सक्रिय नभएको होइन । हामीले लिन नचाहेको होइन । कुराकानी भइराख्या छ । यो कोभिडको बेलामा उहाँहरू पनि झन् चीनमा त लामो समयसम्म हाम्रोभन्दा पनि ज्यादा ऊ भयो । त्यसकारणले यी विषयहरू चाहिँ अलिकति थाती रहे । अहिले हामीले सक्रियतापूर्वक कुरा गरिरा'छौं । अर्थ मन्त्रालयले नि कुरा गरिराख्या छ । र परराष्ट्र मन्त्रालय Through यसमा कुराकानी भइराख्या छ । र हामीले कुन कुन क्षेत्रमा लगानी ल्याउने? त्यो सहयोग, अनुदान उपयोग गर्ने भन्ने बारेमा पनि हामीले लामो लिष्ट बनाउनुभन्दा पनि हामीले निश्चित लिष्टहरू सबभन्दा ज्यादा हाम्रो अर्थतन्त्रलाई चाहिँ प्रभावकारी बनाउन, पूर्वाधार विकासमा त्यसले मद्दत गर्ने हिसाबले लिने भनेर यसमा चाहिँ गृहकार्य भइरहेको छ । यसतर्फ पनि माननीय सदस्यज्यूहरूको चासो र चिन्ता यसमा हाम्रो पनि चासो र चिन्ता हो र यो चाँडै नै त्यो आउछ भन्ने मलाई लाग्छ । हामी निश्चित ठाउँमा त्यो पनि खर्च गर्न सक्छौं भन्ने मलाई लागेको छ ।

अरू चाहिँ यो असारको अन्तमा धेरै चाहिँ घाटा अवश्य पनि यो साल Last Year जुन असारको समयमा ५७ अर्ब चाहिँ हामी ऋणात्मक थियौं । त्यो चाहिँ यो वर्ष चाहिँ Transfer भा'थ्यो । अब आउने वर्षमा अहिले चाहिँ २ सय ५०, २ खर्ब ५० अर्ब झण्डै त्यो चाहिँ अझ अहिले आउँदै होला । त्यो पुग्या छ । अब यो महिनाको राजस्व कति आउँछ? त्यसलाई गर्दाखेरि पनि निकै त्यसले जति घट्छ । त्यो घट्दाखेरि पनि पहिलाको भन्दा निकै बढी दायित्व चाहिँ अर्को वर्ष चाहिँ Transfer हुँदैछ । यो सबै चिन्ताको विषय भएको हुनाले नै अब हाम्रो खर्च

गर्ने तौर, तरिका, प्राथमिकीकरण, कस्तो ठाउँमा खर्च गर्ने? कस्तो ठाउँमा खर्च नगर्ने? कुन चाहिँ प्रभावकारी हो? कुन चाहिँ होइन? कहाँ आवश्यक हो? कहाँ चाहिँ आवश्यक होइन? भन्ने कुरालाई अत्यन्त हामीले गहिराइमा गएर निर्णय लिनुपर्छ पनि हामीले चाहिँ भनिराख्या छौं । त्यही किसिमको चाहिँ हामीले कार्ययोजना पनि बनाएका छौं भन्ने पनि म यहाँहरूलाई चाहिँ निवेदन गर्न चाहन्छु । र सरकार कस्तो ऋण लिने? किन ऋण लिने? के आधारमा ऋण लिने? कुन क्षेत्रमा चाहिँ ऋण प्रवाह गर्ने? कुन क्षेत्रमा नगर्ने? बारेमा गम्भीर छ । यो पनि अध्यक्ष, सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यज्यूहरूलाई म निवेदन गर्न चाहन्छु । धन्यवाद । जय नेपाल ।

**(१७:०३ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, माननीय अर्थमन्त्री डा. प्रकाशशरण महतले पेस गर्नुभएको प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

-"हुन्न"

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकोले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, आर्थिक विधेयक, २०८० र राष्ट्र ऋण उठाउने विधेयक, २०८० माथि सुझाव पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम

१३२ को उपनियम (४) बमोजिम राष्ट्रिय सभातर्फको विधेयक शाखामा सुझाव पेस गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउँछु ।

(१७:०५ बजे) **माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव यस सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

(१७:०५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रीले रमेश रिजालले प्रस्तुत गर्नुभएको "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ हुन्छ । यस क्रममा विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने बेहोरा जानकारी गराउँछु । छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले आआफ्नो नाम अध्यक्षको ड्याससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई १ मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनेटको समय निर्धारण गरेको छु ।

माननीय भगवती न्यौपाने ।

(१७:०६ बजे) **माननीय श्री भगवती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, वास्तवमा विद्युत् व्यापार गर्ने सन्दर्भमा व्यापार गर्न हुन्न भनेर त म भन्दिनँ तर हामीले हाम्रो देशमा पर्याप्त विद्युत् खपत गर्न पर्ने आवश्यकता छ । त्यसप्रति हामी गम्भीर छौं कि छैनौं? सरकार गम्भीर छ कि छैन? भन्ने विषयमा वास्तवमा सरकार गम्भीर छैन । हाम्रो देशमा उद्योगधन्दा कलकारखानाहरूलाई विद्युत् चाहिएको छ । उद्योगधन्दा कलकारखानाहरूले देशको जीडीपीलाई महत्त्वपूर्ण योगदान गर्छन् । त्यस्तै गरेर रोजगारको अवस्था सिर्जना गर्छन् । त्यसैले गर्दा उद्योग कलकारखानाहरू हाम्रो देशमा हामीसँग कच्चा पदार्थ छ । पर्याप्त उद्योगधन्दा कलकारखानाहरू सिर्जना गर्ने, यहीं स्थापना गर्ने विषयमा त्यसका निम्ति आवश्यक पर्ने विद्युत्को विषयमा हामीले उत्पादन गरेर चाहिँ विद्युत् हामीलाई नै

आवश्यकता छ । त्यस्तै गरेर यातायातका साधनहरू, विद्युत्‌बाट यातायातका साधनहरू सञ्चालन गर्ने सन्दर्भमा पनि हामीले त्यसो गर्न सक्यौं भने, यातायातका साधनहरू सञ्चालन गर्न सक्यौं भने, वास्तवमा पेट्रोलियम पदार्थहरू आयात गर्ने कुराहरूलाई नियन्त्रण गर्न सक्छौं । र त्यसो गर्दाखेरि हाम्रो देशमा आर्थिक अवस्था पनि, हाम्रो देशको अर्थतन्त्रलाई पनि मजबुत बनाउन सक्छौं । त्यस्तै गरेर हामीले उत्पादन गर्ने हाम्रो घरमा प्रयोग गर्ने विद्युत्‌हरू पनि हामीले पर्याप्त मात्रमा खपत गर्न सक्यौं भने हामीले ग्यासलाई आयात गर्ने कुरालाई पनि धेरै हदसम्म नियन्त्रण गर्न सक्छौं । त्यसैले गर्दा विद्युत् हामीलाई धेरै आवश्यकता परेको छ । र मैले बारम्बार भनिराखेको छु, यो हामीले कति आफैंले पनि उत्पादन गर्न सकिने विद्युत्, आफैंले उत्पादन गर्न सकिने विद्युत्‌लाई समेत पनि सरकारले ध्यान दिएको छैन र कति विदेशी कम्पनीहरूलाई बुझाउने काम गरेको छ । त्यसका निम्ति हामी राम्रोसँग होमवर्क गर्दैनौं, राम्रोसँग छलफल गर्दैनौं, राम्रोसँग बहस गर्दैनौं । त्यो विषयमा सरकारको ध्यान जान जरुरी छ । Run of the River आयोजनाहरू हामी आफैंले सञ्चालन गर्न सक्छौं, नेपालीहरूले सञ्चालन गर्न सक्छन् । त्यो विषयमा ध्यान जान जरुरी छ । त्यसैले विद्युत् खपत हाम्रो देशमा पर्याप्त खपत गर्ने योजनाको विषयमा सरकारको ध्यान जाओस् र मात्रै व्यापारको निम्ति चाहिँ हामीले सोच्न सक्छौं । यहीं कुरा राख्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय तुलसा कुमारी दाहाल ।

**(१७:०८ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, विद्युत् व्यापार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सैद्धान्तिक पक्षको छलफलमा छौं हामी । यो विधेयक राष्ट्रिय सभा उत्पत्ति भएको हो । यो विधेयक ऐन बनेपछि नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने देखिन्छ । विद्युत् व्यापारको नेपालमा वस्तु र सेवाको उपलब्ध गराउने कुरा छ । प्रत्यायोजित विधायनको हिसाबले हेर्दा अरू विधेयकभन्दा यसमा सकारात्मक कुरा देखिन्छ तर कुन दफा, कुन उपदफामा निर्देशिका बनाउने हो भन्ने कुरो उल्लेख हुनुपर्छ । यो सकारात्मक पक्ष हो । निर्देशिका मात्र बन्ने हो कि? नियमावली, कार्यविधि, मापदण्ड पनि बन्ने हो? भन्ने कुरो विधेयकमा नै स्पष्ट भएर जान आवश्यक छ । यसै गरी यो ऐन प्रमाणित भएको मितिले ३१ औं दिनपछि लागु हुने छ भनिएको छ । नियमावली पनि साथैमा ल्याउने व्यवस्था गरिनुपर्छ या कति समयमा नियमावली ल्याउने हो भन्ने कुरो चाहिँ तोकिनुपर्दछ । ठाउँ ठाउँमा प्रचलित संघीय कानुनबमोजिम हुने भनिएको छ, स्पष्ट

पारिनु आवश्यक छ । कुन कुन ऐन हो र प्रचलित कुन कुन कानुन चाहिँ आकर्षित हुन्छन् भन्ने विषय विधेयकमा नै उल्लेख गरेर जाँदा राम्रो हुन्छ । बिक्री गरेको कुनै पनि वस्तु वा सेवाको आधिकारिकताको सन्दर्भमा घोषित वा अघोषित कुनै प्रतिबद्धता जनाइएकोमा सो सम्बन्धमा कुनै प्रश्न उठे कुनै दायित्व बेहोर्न पर्ने भएमा । त्यस्तो दायित्व बेहोर्नुपर्ने कसले भन्ने कुरो अस्पष्टता रहेको छ । महानिर्देशक र निरीक्षक अधिकृतको अनुसन्धान गर्ने जरिबाना गर्ने, मुद्दा चलाउने, जिम्मेवारी सम्बन्धमा अस्पष्टता रहेको छ । स्पष्ट पार्नुपर्ने देखिन्छ । व्यक्तिले जरिबाना मुद्दा चलाउँदा व्यक्तिको मनसायमा भर पर्दछ । त्यसैले संस्था, संरचना, न्यायालयलाई नै तोक्दा राम्रो हुन्छ । निर्देशिका, मापदण्ड, कार्यविधि कुन कुन दफामा बनाउने हो भन्ने कुरो पनि यकिन गरेर जानुपर्छ । आवश्यकताअनुसार बनाउने भन्ने कुरो राख्दाखेरि यो शब्दावली ठिक हुँदैन । विद्युत् व्यापार तथा वितरणलाई नियमान गर्न बनेको यो विधेयक समय सापेक्षता भए पनि विधायन समितिमा लएर छलफल गरेर यसलाई परिमार्जन गर्दा, बलियो बनाउँदा राम्रो हुन्छ । हस्, धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय जितेन्द्र नारायण देव ।

(१७:१० बजे) **माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म नेपाल सरकारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । अत्यन्त आवश्यक अहिले राष्ट्रलाई चाहिने विधेयक यो सदनमा लिएर आ'को छ । अझ यो त अलिअलि अगाडि नै अझ आ'को भए अझ राम्रो हुन्थ्यो । तथापि ढिलो भैसक्या छैन । किनकि व्यवस्थित ढङ्गले यो विधेयक आ'को छ । मलाई लाग्छ नेपाल सरकारलाई धेरै टीका टिप्पणी गर्नुपर्ने ठाउँ छैन । अझ धन्यवाद नै दिनुपर्ने ठाउँ छ कि नेपाल सरकारले यो कुराको निरुपण गर्‍यो, यो निष्कर्ष निकाल्यो कि नेपालभित्र जे हाम्रो विद्युत् उत्पादनको अवस्था छ । त्यो उत्पादनलाई अहिलेको हालको अवस्थामा जतिसुकै consumption बढाउने जति तन्काउने consumption लाई जति तन्काउने स्थिति छ । त्यो तन्कायाए पनि maximum तन्क्याए पनि त्योभन्दा फाजिल त्योभन्दा surplus उत्पादन हामीसँग रहन्छ । त्यसका कारण जुन surplus ऊर्जा विद्युत् नेपाल भित्र रहन्छ । त्यसलाई के गर्ने भन्दाखेरि त्यसलाई बेच्ने, त्यसलाई व्यापार गर्ने । त्यसबाट पैसा कमाउने भन्ने एउटा foresighted दृष्टिकोण राखेर दूरगामी दृष्टिकोण राखेर नेपाल सरकारले अहिलेको बजेटमा विद्युत्लाई, ऊर्जालाई export को, निर्यातको एउटा महत्त्वपूर्ण commodity को रूपमा, वस्तुको रूपमा लिइने छ भन्ने नीति ल्या यही बजेटमा ल्यायो त्यसकारणले यो अत्यन्त

सराहनीय छ । अहिलेको लागि म यो पनि म धन्यवाद दिन चाहन्छु नेपाल सरकारलाई, ऊर्जा मन्त्रालयलाई र नेपाल विद्युत् प्राधिकारणलाई र सँगसँगै निजी क्षेत्रलाई पनि म धन्यवाद दिन चाहन्छु । अहिलेसम्मको अवस्थामा भारतबाट मतलब क्रेताहरूसँग जति पनि हाम्रा कुराकानीहरू भैराखेका छन्, विद्युत्को महशुल निर्धारण गर्ने सन्दर्भलगायतका विषयहरूमा, यो नेपाल विद्युत् प्राधिकारणलगायतका हाम्रा जिम्मेवार संस्थाहरूले अत्यन्त efficiently यो कुरालाई handle गरेको छ । त्यो अत्यन्त efficiently मैले त्यो विषयलाई अनुगमन गरिराखेको छु, handle गरिराखेको छ । त्यसकारणको अहिलेको लागि त ठिकै छ । हाम्रो ठुलो बजार विद्युत् बेच्ने, यो सिद्धान्तमा नजाऊँ, ideology मा नजाऊँ, एउटा आग्रह र एउटा चाहिँ उसमा नजाऊँ । तर practically हेर्ने हो भने हाम्रो बजार अहिले भनेको भारत नै हो र भारतपछि अहिले बङ्गलादेशलाई हामीले target गरिराखेका छौं । अत्यन्त सही दिशामा हामी गैराखेका छौं । तर in the long run म नेपाल सरकारलाई ध्यानाकर्षण गर्न चाहन्छु, in the long run हाम्रो commodity लाई बेच्ने सन्दर्भमा बजारलाई जति competitive बनाउन सकियो, त्यति हामी आफ्नो मूल्य बढाउन सक्छौं, हामी बढी कमाउन सक्छौं । आम्दानी कमाउन सक्छौं । प्रकारान्तरमा, एउटा दीर्घकालीन रूपमा बजारको विविधीकरणको सन्दर्भमा पनि ..... निजी क्षेत्रलाई समेत, निजी क्षेत्रको सहयोग लिएर बजारको विविधीकरणमा पनि नेपाल सरकारले ध्यान दिने छ । र ती कुराहरू नै विधेयकमा आ'को होला जस्तो मलाई लाग्छ । आ'को हुनुपर्छ । नआ'को भए पनि छलफल गरेर त्यसमा त्यसमा समावेश गरिन्छ । तर जे भए पनि बडो आवश्यक विधेयक नेपाल सरकारले ल्याएको छ । यसको लागि नेपाल सरकारलाई धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय विमला घिमिरे ।

**(१७:१३ बजे)** <u>**माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**</u>:- सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा विद्युत् व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० माथि हामी सैद्धान्तिक छलफलमा छौं । विद्युत् व्यापारका माध्यमबाट वस्तु तथा सेवाको खरिद बिक्री बढ्दो छ । यसलाई नियमन गर्न अत्यन्तै जरुरी थियो र यो विधेयक दर्ता भ'को छ । यो यसलाई थप व्यवस्थित बनाउन जरुरी छ । यसमा विद्युत् व्यापार प्रवर्धनका माध्यमबाट मुलुकमा रोजगार सिर्जना हुने गरी हामीले विद्युत् व्यापारलाई सहज र सबैले पहुँच राख्न सक्ने गरी ऐन बनाइनुपर्दछ । जसले गर्दा नेपालमा उत्पादन भएको विद्युत्लाई नेपालभित्रै धेरै खपत गर्न सकौं । त्यसलाई नेपालभित्रै खपत गर्ने कुरामा पहिलो प्राथमिकता दिएर नेपाल सरकारले

अन्य नीतिहरू र विधिहरूलाई पनि परिमार्जन गर्दै लिएर जाने र ती विद्युत्बाट थुप्रै खालका रोजगारी सिर्जना हुन सक्ने सम्भावना भएको हुनाले यो ऐनलाई अझ दफावार रूपमा छलफल गर्दा, विधायन समितिमा छलफल गर्दा अझै यो समृद्ध हुने छ । यो आवश्यकताअनुसार नै यो विधेयक आएको छ भन्ने लाग्छ । धन्यवाद ।

(१७:१४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ । माननीय सदस्यहरू, अब म माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजाललाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु ।

(१७:१५ बजे) **माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल**:- सम्माननीय अध्यक्ष महोदय, यो विद्युत्सम्बन्धी व्यापार विधेयकसम्बन्धी छलफलमा माननीय सदस्यज्यूहरूले भाग लिएर विभिन्न कुरा राख्नुभएको छ । ती कुराहरूमा हामी सचेत छौं । विद्युत् हामीले Maximum आफ्नो देशमा उपभोग गर्नुपर्छ र बाँकी विद्युत्लाई चाहिँ बाहिर पठाउनुपर्छ भन्ने कुरासँग हामी सहमत छौं । र त्यसमा अहिलेको प्रधानमन्त्रीको भारत भ्रमणका क्रममा पनि भारतले पनि विद्युत् खरिद गर्ने विषय तपाईंहरूलाई जानकारी भएकै होला र बङ्गलादेशलाई पनि हामी मार्केटको रूपमा प्रयोग गर्नेतर्फ लागेका छौं ।

खासगरी माननीय सदस्यज्यूहरूले उठाएको यो प्रश्नहरूमा, यो जिज्ञासाहरूमा, उत्तर दिनुभन्दा म एउटा कुरा के स्पष्ट गर्न के चाहन्छु भने यो विधेयक यथास्थितिमा पारित हुन गइरहेको छैन । तपाईंहरूको सहभागितामा, संसदीय समितिमा पठाएर विस्तृत छलफल गराएर र तपाईंहरूको सहभागिताबाट परिष्कृत विधेयक जुन आउँछ, त्यसैलाई दुवै सदनबाट पारित गर्ने गरी हामीले कार्यक्रम राखेका छौं । र त्यसमा साथीहरूलाई, यो माननीय सदस्यज्यूहरूलाई आग्रह छ । तपाईंहरूले चाहिँ व्यापक छलफल गरी परिष्कृत विधेयक चाहिने पठाउने प्रयास गर्नुहुनेछ र तपाईंहरूले पठाएको परिष्कृत विधेयकलाई नै संसदबाट पारित गर्ने विश्वास दिलाउन चाहन्छु । सम्माननीय अध्यक्षज्यूमार्फत तपाईंहरूलाई यो विश्वास दिलाउन चाहन्छु । धन्यवाद ।

(१७:१७ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, यो विद्युत् व्यापारसम्बन्धी नभई विद्युतीय व्यापारसम्बन्धी विधेयक भएको कुरा पनि म स्मरण गराउन चाहन्छु ।

माननीय सदस्यहरू, अब म "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस् ।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस् ।

"हुन्न" भन्ने आवाज सुनिएन । तसर्थ "विद्युतीय व्यापार विधेयक, २०८० माथि विचार गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरू, "विद्युतीय व्यापार विधेयक, २०८० माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभाअन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २९ गते शुक्रवार ११ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल असार २९ गते शुक्रवार ११ बजेर १६ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १७:१८ बजे ।**